# पूर्वयोजना तर्जुमा गोष्ठी २०७०/८/१४

# योजना तर्जुमाका आधार तथा मार्गदर्शन

स्थानीय स्वायत्त शासन ऐन २०५५ को दफा १९५ अनुसार आ.व. ०७१/७२ का लागि यस जिल्लाको वार्षिक जिल्ला विकास योजना तर्जुमा गर्ने सिलसिलामा योजना प्रक्रियाका विभिन्न चरणहरु मध्ये प्रारम्भिक चरणको प्रक्रिया स्वरुप जिल्लाका सबै सरोकारवालाहरुको व्यापक र अर्थपूर्ण सहभागितामा आज मिति २०७०/८/१४ गते यो पूर्व योजना तर्जुमा गोष्ठी आयोजना गरिएको छ । सहभागितात्मक योजना तर्जुमा प्रक्रियाका बांकि चरणहरु Bottom up Planning Process का आधारमा विकेन्द्रीकरण र स्थानीय स्वायत्त शासनको मर्म अनुरुप निरन्तरता दिइ पुरा गरिनेछ । स्थानीय स्वायत्त शासन ऐन, २०५५, नियमावली, २०५६, आवधिक राष्ट्रिय विकास योजना, सहस्राब्दी विकास लक्ष्यहरु, नेपाल सरकारका वार्षिक एवं अन्य नीति कार्यक्रम स्थनीय निकाय स्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि, जिल्लाका विकास आवश्यकता, जनताका माग चाहना र प्राथमिकतालाई मध्यनजर गरी दिगो र सन्तुलित विकासको अवधारणा बमोजिम योजना तर्जुमा गरिनेछ ।

सहभागी सम्पूर्ण सरोकारवालाहरुको सक्रिय सहभागिता, अन्तरक्रिया र सल्लाहका आधारमा निस्कने निचोडबाट आवश्यक परिमार्जन परिशोधन गरी जिल्लाको भावी कार्यदिशा, नीति र मार्गदर्शन तय गरी तदनुरुप योजना तर्जुमाका बांकि चरणहरु पूरा गरी वार्षिक जिल्ला विकास योजना तर्जुमा गर्नु पर्ने भएकोले गा.वि.स.हरुको गाउँ परिषद यथाशिघ्र सम्पन्न गरी गाउँ परिषदको निर्णयको प्रतिलिपी, स्वीकृत कार्यक्रम र वजेट सम्बन्धी विवरण यही २०७० पौष मशान्तभित्र यस जि.वि.स.को कार्यालयमा पठाइ सक्नुपर्ने । गत आ.व. देखि विनियोजन गर्न थालिएको कृषि क्षेत्रको विकासका लागि पूँजिगत अनुदानबाट १५ प्रतिशत र १० प्रतिशत सरसफाई क्षेत्रमा विनियोजन गर्ने गरी यस आ.व. २०७०/७१ का लागि प्राप्त अख्तियारीलाई नै आधार मानी आगामी आ.व. २०७१/७२ को वार्षिक कार्यक्रम र वजेट परिषद्बाट स्वीकृत गराई कार्यान्वयन गर्नु गराउनु पर्ने । स्वीकृत कार्यक्रम तथा वजेट तर्जुमा सम्बन्धमा यस गोष्ठीवाट स्वीकृत मार्गदर्शन गाविस, विषयगत कार्यालय लगायत सरोकारवालाहरुलाई पठाइने छ ।

## आगामी आ.व. २०७१/७२ को वार्षिक योजना तर्जुमा गर्दा ध्यान दिनुपर्ने कुराहरुः-

१. गाउँ विकास समितिको योजना तर्जुमा र कार्यान्वयन प्रक्रिया

- आवधिक र वार्षिक योजना तर्जुमा गर्नु पर्ने ।
- आवश्यकता अनुसार बाह्य परामर्श सेवा प्राप्त गर्न सक्ने ।
- **आयोजना प्राथमिकताका आधारहरु :-**
  (क) उत्पादनमूलक तथा छिटो प्रतिफल प्राप्त गर्न सकिने ।
  (ख) गाउँका जनताको जीवनस्तर, आम्दानी र रोजगार बढाउने तथा प्रत्यक्ष लाभ हुने र गरीवी निवारणमा सहयोग पुऱ्याउने ।
  (ग) कम लागत तथा बढी जनसहभागितामा संचालन हुने ।
  (घ) स्थानीय साधन, स्रोत तथा सीपबाट संचालन हुने ।
  (ङ) पिछडिएका वर्ग तथा महिला वर्ग र बालबालिकालाई प्रत्यक्ष लाभ हुने ।
  (च) वातावरणीय संरक्षण तथा सम्बर्द्धन गर्न सघाउ पुऱ्याउने ।
  (छ) सडक निर्माण गर्दा कम्तीमा ५ प्रतिशत रकम वातावरणीय संरक्षणमा छुट्टयाउनु पर्नेछ ।

- **आगामी वर्ष संचालन हुने योजनाको तर्जुमा गर्न चालू वर्षमा देहाय बमोजिम गर्नु पर्नेछ :-**
  (क) मार्ग महिनासम्ममा गाउँ विकास समितिले मार्गदर्शन तथा साधन स्रोतको पूर्व अनुमान प्राप्त गर्नु पर्ने । गाउँ विकास समिति विभिन्न वडा समितिलाई आयोजना छनौट तथा कार्यक्रम तर्जुमा सम्बन्धी मार्गदर्शन उपलब्ध गराउनु पर्ने ।
  (ख) वडा नागरिक मंच लगायत तल्ला तहबाट आवश्यकता महसुस गरिएका योजनाहरुलाई प्राथमिकतामा राख्ने ।
  (ग) गाउँ विकास क्षेत्रका वडा समितिहरु, उपभोक्ता समितिहरु र गैर सरकारी संस्थाबाट आयोजनाहरु माग गरी सोको आधारमा योजना तर्जुमा गर्नु पर्नेछ ।
- **वार्षिक योजना तर्जुमा गर्दा लिनुपर्ने आधारहरु :-**

(क) राष्ट्रिय विकास नीति सम्बन्धमा जिल्ला विकास समितिबाट प्राप्त निर्देशनहरु ।
(ख) आवधिक योजनाले परिलक्षित गरेका समष्टिगत आवश्यकताहरु ।

- प्रत्येक गाउँ विकास समितिले गाउँ विकास क्षेत्रको विकासका निम्ति गाउँ स्तरीय वस्तुगत तथ्याङ्क संकलन गरी गाउँको वस्तुस्थिति देखिने स्रोत नक्सा तयार गर्नु पर्ने ।

- **आयोजनाको सम्भाव्यता अध्ययनका आधारहरु :** गाउँ विकास समितिले आफ्नो योजना कार्यान्वयन गर्ने क्रममा देहाय बमोजिमका कुराहरु समेत खुलाई आयोजनाको सम्भाव्यता अध्ययन गर्नु गराउनु पर्नेछ :-
(क) आयोजनाको लक्ष्य,
(ख) आयोजनाबाट फाईदा पाउने जनताको संख्या र फाईदाको किसिम,
(ग) छनौट गर्न लागिएको आयोजना नयाँ हो वा अधुरो हो,
(घ) आयोजना संचालन नगरी अन्य कुनै उपायबाट आवश्यकताको पूर्ति वा समस्या समाधान हुन्छ, हुँदैन,
(ङ) आयोजना सम्पन्न गर्दा लाग्न सक्ने खर्च तथा सामग्रीको मूल्य तथा लाग्ने समयको अनुमान,
(च) उपभोक्ताहरुबाट प्राप्त हुन सक्ने नगद, वस्तुगत श्रम र त्यस्तै अन्य योगदान,
(छ) उपभोक्ताबाट उठ्न सक्ने शुल्क वा मर्मत सम्भार खर्च वा संचालन व्यवस्था, र
(ज) अन्य खुलाउनु पर्ने कुनै कुरा भए सो ।

- **आयोजनाको छनौटका आधारहरु**
क) स्रोत नक्सा र आयोजनाको सम्भाव्यता अध्ययन प्रतिवेदनको आधारमा गर्नु पर्ने ।
ख) आयोजना छनौट गर्दा वातावरण संरक्षण तथा सम्वर्द्धन गर्ने किसिमले आयोजना छनौट गर्नु पर्ने ।
ग) आयोजना छनौट गर्दा बढीभन्दा बढी स्थानीय बासिन्दाहरुको सहभागिता र श्रम प्राप्त हुने आयोजनाहरु छनौट गर्नु पर्ने ।
घ) गाउँ विकास समितिलाई प्राप्त हुने अनुदानको अनुमान प्राप्त भएपछि प्राथमिकताको आधारमा आयोजना छनौट गर्नु पर्ने ।
ङ) छनौट भएका आयोजनाको जानकारी गाउँबासीहरु बीच सार्वजनिक गराउनु पर्ने ।

- गाउँ विकास समितिले आफ्नो योजना र सेवा कार्यक्रम तर्जुमा गर्दा गाउँ विकास क्षेत्रमा विभिन्न सेवा र विकास कार्यक्रमहरु कार्यान्वयन गर्ने सरकारी, गैर सरकारी तथा दातृ संस्थासंग समन्वय कायम गर्नु पर्नेछ ।
- समग्रमा गाउँ विकास समिति र विषयगत कार्यालयहरुले कार्यक्रम र योजना तर्जुमा गर्दा जिल्ला विकास समितिले निर्धारण गरेको आगामी लक्ष्यलाई मध्यनजर गरी योजना तर्जुमा गर्नुपर्ने छ :-
**जिल्ला विकास समितिको आगामी लक्ष्यः**
  १. सुन्दर म्याग्दी, समृद्ध म्याग्दी
  २. गरिबी न्यूनीकरणमा जोड, आयआर्जनमा होड
  ३. अबको गति, कच्ची सडकको स्तरोन्नती
  ४. पूर्ण सरसफाई, खानेपानीको पहुँच सबैलाई
  ५. हटाऔं निरक्षरता, बनाऔं पूर्ण साक्षरता
  ६. जलविद्युतमा लगानी, स्वदेशमै रोजगारी र दिगो आम्दानी
  ७. गाउँ, टोलमा यातायातको चाहना, हरित सडकमा जोड हाम्रो कामना

## २. जिल्ला परिषद्बाट पारित आ.व. २०७०/७१ को नीतिहरुलाई आधार मानी आगामी आ.व.को योजना तथा कार्यक्रम तजुमा गर्नुपर्ने

- सहस्राब्दी विकास लक्ष्यलाई मध्येनजर गर्दै सन २०१५ सम्ममा सबैको पहुंच स्वास्थ्य सेवामा पुऱ्याइने ।
- म्याग्दी जिल्ला खुला दिसामुक्त जिल्ला घोषणा भै सकेको सन्दर्भमा Post ODF क्रियाकलाप संचालन गर्दै पूर्ण आनबानी परिवर्तनका क्रियाकलाप संचालन गर्ने । गाविसहरुले गाविसलाई प्राप्त पूँजिगत अनुदानको कम्तीमा १० प्रतिशत रकम सरसफाई क्षेत्रमा विनियोजन गर्नुपर्ने ।
- लक्षित वर्गको सशक्तिकरणका लागि उपयुक्त कार्यक्रमहरु संचालन गर्ने ।

- स्थानीय निकायसंगको समन्वय र साझेदारीमा कृषि बिकास प्रबर्द्धन गर्ने, कृषि समिति/संजाल मार्फत कृषि प्रबिधि प्रसार गर्दै कृषिको उत्पादन, विविधिकरण र व्यवसायिकरण गर्ने तथा कृषि जैबिक बिबिधताको संरक्षण, संबर्द्धन र सदुपयोगमा बिशेष जोड दिने कार्यक्रमहरु संचालन गर्ने । गाविसहरुले गाविसलाई प्राप्त पूँजिगत अनुदानको कम्तीमा १५ प्रतिशत रकम कृषि क्षेत्रमा विनियोजन गर्नुपर्ने ।
- सडकतर्फ जिल्ला यातायात गुरुयोजनामा प्राथमिकता र बर्गीकरण गरिए बमोजिम सडक संजाल विस्तार गर्दै लगिने र आगामी ५ वर्ष भित्र सवै गाविसलाई कच्ची सडकले जोड्ने नीति अनुरुप बजेट तथा कार्यक्रम तर्जुम गर्ने ।
- अल्पसंख्यक र आर्थिक रुपले पिछडिएका जातजाति र समुदायको उत्थान सम्वन्धी कार्यक्रम संचालन गर्ने।
- जातिय छुवाछुतको अन्त्य गर्न सामाजिक जनचेतना कार्यक्रमलाई प्राथमिकताका साथ कार्यान्वयन गर्ने ।
- मानवाधिकारको संरक्षण र मानव वेचविखन रोकथाम सम्बन्धमा ध्यान दिने ।
- स्थानीय उपभोक्ता समूहलाई शसक्तिकरण गरी बिकास आयोजनाहरुको दिगोपनामा जोड दिने।
- गा.वि.स.वाट सम्पादन हुने कार्यहरुमा कम्प्यूटरको प्रयोगलाई अवलम्बन गर्ने ।
- जिबिस तथा गाबिसको न्यूनतम शर्त तथा कार्य सम्पादन मापन (**MCPM**) का सूचकहरुको अबलम्बन गर्दै स्थानीय स्वायत्त शासन पद्धतिको प्रभावकारितामा जोड दिने ।

३. स्थानीय निकाय स्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि, २०६९ वमोजिम कार्यक्रम तथा वजेट तर्जुमा तथा कार्यान्वयन गर्ने ।

४. गाविसहरु तथा विषयगत कार्यालयहरुले आ.व. २०७१/७२ को लागि चालु आ.व. २०७०/७१ मा प्राप्त वजेट अख्तियारीलाई आधार मानी त्यसमा १० प्रतिशत थप गरी कार्यक्रम तथा वजेट तर्जुमा गर्ने ।

५. जिविस तथा गाविसहरुले स्थानीय निकाय स्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि, २०६९ वमोजिम कार्यक्रम तथा वजेट तर्जुमा तथा कार्यान्वयन गर्ने ।

६. निर्दिष्ट ऐन, नियम, मार्गदर्शन, नीति, त्रिवर्षिय अन्तरिम योजना, राष्ट्रिय योजना आयोग तथा विभिन्न मन्त्रालयबाट प्राप्त बजेट तथा मार्गदर्शन, आवधिक जिल्ला विकास योजना, जिल्ला यातायात गुरुयोजना लगायत अन्य विषयगत गुरुयोजना तथा आवधिक योजना र स्थानीय आवश्यकता समेतलाई ध्यान दिइ वस्तुगत योजना तर्जुमा गर्नुपर्नेछ ।

७. गाउँ विकास समिति, जि.वि.स. लगायत अन्य निकायहरुसंगको साझेदारीमा संचालित कार्यक्रममा गरेको प्रतिवद्धता अनुसार अनिवार्य रुपमा सम्पूरक कोष (Matching fund) को लागि वजेट विनियोजन गर्ने । जस्तैः स्थानीय विकास कोष, ग्रामिण उर्जा विकास कार्यक्रमको लागि आवश्यक पर्ने म्याचिङ फण्ड सम्बन्धित गा.वि.स.ले अनिवार्य विनियोजन गर्ने ।

८. आदिवासी जनजाति, दलित, उपेक्षित, मधेशी, मुस्लिम, पिछडा वर्ग, अपाङ्ग, बालबालिका तथा महिला लगायतका सामाजिक एवं आर्थिक रुपले ज्यादै पछाडि परेका तथा राज्यले प्राथमिकतामा राखेका वर्ग तथा क्षेत्रको लागि तोकिएका कार्यक्रमहरुलाई पहिलो प्राथमिकतामा राखी बजेट विनियोजन गरी कार्यान्वयन गर्नु गराउनु पर्नेछ ।

९. स्थानीय जनतालाई आवश्यक भएका जनस्वास्थ्य, मातृशिशु कल्याण, एचआइभि एड्स नियन्त्रण एवं शिक्षा, कृषि, पशु सेवा, स्वास्थ्य, वन तथा वातावरण, लघु उद्यम विकास कार्यक्रम, व्यवसायिक ज्ञान सिप, स्वरोजगार-मुलक पूर्व व्यवसायिक तालिम जस्ता कार्यक्रमको तर्जुमा र कार्यान्वयन गर्ने गराउने ।

१०. भू-क्षय, बाढी पहिरो रोकथाम, नदी नियन्त्रण लगायत जलउत्पन्न प्रकोप नियन्त्रणमा जोड दिइनेछ । सबै प्रकारका प्रकोपमा परेका परिवार व्यक्तिहरुको राहत तथा पुनः निर्माण जस्ता कार्यक्रम संचालन गर्न प्रकोप व्यवस्थापन कोष खडा गरी रकम विनियोजन गर्ने ।

११. क्रमागत योजनालाई प्राथमिकता दिई अनिवार्य रकम विनियोजन गर्ने ।

१२. एक आ.व. भित्रै सम्पन्न हुन सक्ने खालका योजनालाई प्राथमिकता दिने ।

१३. यस जि.वि.स.वाट संचालित एक भन्दा बढी गाविस भएर जाने ग्रामिण सडक निर्माण तथा मर्मत संम्भारका लगि समेत वजेट विनियोजन गर्ने र योजना कार्यान्वयन जिविस र गाविसको समन्वयमा गर्ने ।

१४. श्रममूलक स्थानीय स्रोतसाधनवाट निर्माण हुने एवं तत्काल सेवा सुविधा पुऱ्याउन सक्ने कार्यक्रम कार्यान्वयनमा जोड दिने । साथै श्रमिकको ज्याला समयानुकूल बनाई स्थानीय रोजगारी प्रवर्द्धनमा जोड दिइनेछ ।

१५. कार्यक्रम तर्जुमा गर्दा उपलब्ध साधन स्रोतको सिमिततालाई ध्यानमा राखी प्रभावकारी कार्यान्वयन र ठोस उपलब्धि हाँसिल गर्ने गरी कार्यक्रम तर्जुमा गर्नुपर्दछ ।

१६. वढी जनसहभागिता जुट्ने योजनालाई प्राथमिकता दिनु पर्नेछ ।

१७. आर्थिक क्रियाकलाप अभिवृद्धि तथा कृषि उत्पादन र वजारको सम्वन्ध वढ्ने योजनालाई प्राथमिकता दिनुपर्नेछ । सहकारिताको बिकासमा जोड दिइनेछ ।

१८. गाँउ विकास समितिवाट वस्तुगत विवरण तयार गर्न वाँकी भएका गा.वि.स.ले आ.व. २०७०/७१ भित्रमा वस्तुगत विवरण तयार गर्न आवश्यक व्यवस्था गर्ने ।

१९. म्याग्दी जिल्ला कृषि तथा पशुपालन ब्यवसाय र वनमा आधारित लघु उद्योगको राम्रो सम्भावना रहेको हुंदा दिगो कृषि तथा पशु विकास, उद्यम विकास, हस्तकला प्रवर्द्धन, दुग्ध उत्पादनलाई प्रोत्साहन गर्न कार्यक्रम संचालन गर्न ध्यान दिनु पर्नेछ । जिल्लामा Agro Tourism/Organic Farming लाई प्रोत्साहन गर्ने साथै स्थानीय रुपमा उत्पादन हुने स्थानीय आलु, सीमी, डालेचुक, कांडेमकै जस्ता कृषिजन्य उत्पादनको प्रवर्द्धन तथा प्याटेन्ट राइट समेतमा आवश्यक ध्यान दिइनेछ ।

२०. म्याग्दी जिल्ला प्राकृतिक, धार्मिक, सांस्कृतिक तथा ऐतिहांसिक, पूरातात्विक क्षेत्र भएकोले उक्त क्षेत्रका ऐतिहांसिक संस्कृतिहरुको संरक्षण र सम्वर्द्धन गर्न ध्यान पुऱ्याउनु पर्नेछ । संभाव्यता अध्ययन गरी जिल्लाको वस्तुस्थिति झल्कीने गरी संघ्रालय स्थापना सम्बन्धी प्रक्रिया अघि बढाउन पहल गर्ने ।

२१. विगत वर्षदेखि नै अवलम्बन गर्दै आएका योजनाहरुको उपभोक्ता समितिसंग सम्वन्धित जिम्मेवार व्यक्तिलाई योजना कार्यान्वयन सम्वन्धी तालिम दिने, योजना स्थलमा सूचना पाटी राख्ने, जन लेखापरीक्षण गर्ने, नागरिक सुनुवाई कार्यक्रम गर्ने कुरामा ध्यान पुऱ्याउनु पर्नेछ ।

२२. विगतमा द्वन्दका कारणले क्षति-ग्रस्त वा काम हुन नसकको क्षेत्रलाई प्रथमिकता दिने । द्वन्द्धपिडितलाई राहत र पुनर्स्थापनाका लागि समन्वय गर्ने ।

२३. सार्वजनिक सुनुवाई र नागरिक वडापत्रलाई अझै प्रभावकारी बनाउने ।

२४. गत विगत वर्षका पेश्की तथा बेरुजु फछ्यौंट गर्नका लागि प्राथमिकताका साथ कार्य गर्ने ।

२५. राष्ट्रिय योजना आयोग स्थानीय विकास मन्त्रालय र अन्य मन्त्रालयवाट प्राप्त हुने मार्गदर्शन यस कार्यालयमा प्राप्त भएपछि तुरुन्त पठाईनेछ ।

२६. उपभोक्ता समिति गठन गर्दा जिल्लामा क्रियाशील राजनैतिक दलका स्थानीय प्रतिनिधिहरु र गा.वि.स. सचिवको रोहवरमा उपभोक्ता भेला गराई महिला, दलित, जनजातिहरु समेतको प्रतिनिधित्व हुने गरी समावेशी ढंगले गठन गर्न सहयोग पुऱ्याउने।

२७. उपभोक्ता समितिका प्रमुख पदहरुमा (अध्यक्ष, सचिव र कोषाध्यक्ष) एकै व्यक्तिहरु नदोहोरिने गरी गठन गर्न उपभोक्ताहरुलाई सहजीकरण गर्ने । उपरोक्त तीन पद मध्ये एक पदमा महिला छनौट हुने गरी उपभोक्ता समिति गठन गर्ने व्यवस्था मिलाउने।

२८. जि.वि.स. तथा गा.वि.स.वाट कार्यक्रम स्वीकृत नगराई आफुखुसी संचालन गर्ने भौतिक पूर्वाधार लगायतका योजनामा आर्थिक सहयोग नगर्ने ।

२९. सम्बन्धित गा.वि.स.मा कार्यक्रम संचालन गर्ने संस्था तथा निकायले समयमै कार्यक्रमको विवरण उपलब्ध गराई गा.वि.स.को योजनामा समावेश हुने व्यवस्था गर्नु गराउनु पर्नेछ । यसका लागि सम्बन्धित संस्था तथा निकायले समयमै गा.वि.स.संग आवश्यक समन्वय र सहयोग गर्नुपर्नेछ ।

३०. विगतमा अनुभवबाट प्रभावकारी देखिएका कार्यक्रमलाई निरन्तरता दिने र प्रभावकारिताको अवस्था सन्तोषजनक हुन नसकेका कार्यक्रमको बारेमा व्यापक विश्लेषण गरेर सुधारका साथ अगाडि लैजानु पर्नेछ ।

३१. गैर सरकारी संस्थाहरुले कार्यक्रम संचालन गर्दा जि.वि.स., गा.वि.स. तथा सम्बन्धित विषयगत कार्यालयसंग समन्वय गरेर दोहोरोपना नपर्ने गरी मात्र संचालन गर्नुपर्नेछ । साथै गैससले कार्यक्रम संचालन गर्नु भन्दा अगाडि नै जिल्ला परिषद्बाट अनुमोदन गरेर मात्र संचालन गर्नुपर्नेछ । जिल्ला परिषद्मा कार्यक्रम र बजेट पेश नगर्ने गैससलाई नविकरणमा जि.वि.स.बाट सिफारिस गरिने छैन् ।

३२. जि.वि.स.मा गै.स.स. डेस्क गठन गरी गै.स.स.बाट संचालित कार्यक्रमहरुको अभिलेख, समन्वय, सुपरिवेक्षण, अनुगमन प्रक्रिया प्रभावकारी बनाइनेछ ।

३३. विषयगत कार्यालय अन्तर्गतका सेवा केन्द्रहरुले गाउं परिषद्मा विषयविज्ञको रुपमा योजना तर्जूमामा सहयोग पुऱ्याउनु पर्नेछ

३४. सामाजिक सुरक्षा वापत प्रदान गरिने भत्ताको नामनमेसी सहितको विवरण गा.वि.स.ले गाउँ परिषद्मा पेश गर्नु पर्नेछ ।

३५. पर्यटन सम्बन्धी कार्यक्रम संचालन गर्दा जुनसुकै निकायले पनि गुरु योजनाको भावना बमोजिम जि.वि.स.सँग समन्वय गरी गर्नुपर्नेछ ।

३६. हरेक वस्तीस्तरमा सामुदायिक संस्थाहरुको गठन परिचालन र क्षमता विकास गरी उनीहरुकै अगुवाईमा एक गाउँ एक समूह एक योजना नीति अवलम्बन गर्दै विकास कार्यक्रम संचालन गर्ने ।

३७. माथि उल्लेखित विषयका महिला, दलित, जनजाति, बालबालिका, जेष्ठ नागरिक, असहाय, अपाङ्ग, सामाजिक हिसाबले सिमान्तकृत वर्गका लागि लक्षित गरी कार्यक्रम बनाई बजेट विनियोजन गरेमा जिविस कोषबाट पनि प्राथमिकताका साथ बजेट विनियोजन गरिनेछ ।

३८. जिल्लाको भावी कार्यदिशा र मार्गदर्शनको रुपमा जिल्ला विकासका लागि देहायका नीति अख्तियार गरिनेछ ।

१. जिल्लाको मौजुदा संभाव्यताको आधारमा कृषि र पशुपालनको व्यवसायीक विकास गर्ने ।

२. प्राकृतिक सुन्दरता र मौजुदा स्थिति समेतका संभावनाका आधारमा जिल्लाको पर्यटन विकासमा जोड दिने ।

३. प्रचुर जलस्रोतको उपयोग गर्न सकिने संभावनालाई दृष्टिगत गरी जिल्लामा जलविद्युत विकासको विशेष पहल गर्ने । जिल्लामा रहेको जलस्रोतको पुरा उपयोग गर्ने सन्दर्भमा निजी क्षेत्रले संचालन गर्ने योजनाहरुमा पनि जिल्ला विकास समितिले लगानी गर्ने नीति अवलम्बन गरिनेछ ।

४. जिल्लाको स्रोत साधन, उपलब्ध कच्चा पदार्थ, श्रम सीप र उद्यमशिलताको अधिकतम उपयोग गरी हस्तकला, लघुउद्यम, गैरकाष्ठ वन उद्यम, खनिज उत्खनन, जडिबुटी संकलन आदि कार्यलाई प्राथमिकताका साथ अगाडि बढाउने ।

५. संभावना, स्रोतसाधन र विकास पूर्वाधारको आवश्यकताका आधारमा जिल्लाको सडक, खानेपानी, सिंचाई र विद्युत पूर्वाधारको विकास र विस्तार गर्ने ।

६. सडक विद्युत लगायतका विकास योजना संचालन गर्दा वातावरणीय क्षतिलाई न्यून गरी बातावरण मैत्री विकासमा जोड दिने ।

७. सबै क्षेत्रको समग्र दिगो विकासमा सरकारी, गैर सरकारी, निजी र सहकारी क्षेत्रको सहकार्य र सहभागितालाई प्रोत्साहन गर्ने र सम्पादित कार्यको नियमित अनुगमनको परिपाटी बसाल्ने ।

८. विकासका निम्ती स्रोत साधनको बढोत्तरी गर्न, परनिर्भरता घटाउन र वित्तिय सक्षमता अभिबृद्धि गर्न प्रचलित कानूनी व्यवस्थाको क्षेत्राधिकार भित्र रही स्थानीय सम्भाव्यताका आधारमा जिल्ला विकास समितिको आन्तरिक स्रोत बढाउने कार्यलाई प्राथमिकता दिने ।

९. जिल्लाका विभिन्न भेगमा पाइने टिम्मुर, अल्लो, च्याउ, यार्सागुम्बा लगायतका जडिबुटी आदि वस्तुको संकलन प्रशोधन, व्यवसायीक रुपमा च्याउ, कुरिलो खेती, फलफूल भांगो, सिस्नु संकलन, प्रशोधन र प्याकेजिङ जस्ता कार्यलाई स्थानीय संभाव्यताका आधारमा स्वरोजगारी र आय आर्जनमा टेवा पुग्ने गरी विकास र विस्तार गर्ने ।

१०. दिगो विकासका लागि वातावरण संरक्षण, यथासक्य श्रममूलक प्रविधिको उपयोग, जलवायु परिवर्तनको नकारात्मक असर न्यूनीकरण, खाद्य असुरक्षाको न्यूनीकरण जस्ता कार्यमा ध्यान दिई विकास कार्य संचालनमा जोड दिने ।

११. बालमैत्री गा.वि.स. घोषणा गर्दै बालमैत्री शासन पद्दति अवलम्बन गरिनेछ ।

१२. एक गाउँ एक उत्पादन (One Village One Product–OVOP) लाई एकिकृत रुपले सघन प्राथमिकता प्रदान गर्ने ।

१३. सामाजिक विकासको क्षेत्रलाई गति दिनका लागि शिक्षा, स्वास्थ्य, यूवा तथा खेलकूद, साहित्य, खानेपानी सरसफाइ र संचारका क्षेत्रगत कार्यक्रमलाई जिल्लाको आवश्यकता र संभाव्यताका आधारमा प्राथमिकताका साथ अगाडि बढाउने ।

१४. जिल्लालाई घरभित्रको धुंवारहित गा.वि.स. घोषणा गर्नका लागि “एकघर एक सुधारिएको चुलो” अभियानको रुपमा संचालन गर्ने । कार्वन व्यपार सम्बन्धी कार्यविधि बमोजिम जिल्लाको स्रोत संकलन र परिचालन तर्फ आवश्यक ध्यान दिइनेछ ।

१५. जि.वि.स. तथा गा.वि.स. एवं अन्य निकायहरुबाट संचालित कार्यक्रममा नियमिति र प्रभावकारी अनुगमनका लागि कार्यविधि नै तय गरी कार्य बढाइनेछ ।

१६. विषयगत निकायहरुको सहकार्य, साझेदारी र समन्वयमा विकास कार्यक्रमहरुको प्रभावकारिता अभिबृद्धिमा जोड दिने ।

**जिल्ला विकास समिति, म्याग्दी**

# जिल्ला विकास समितिको कार्यालय, म्याग्दी

# योजना माग फाराम

| गाविस/ इलाका नं. | | आ.व.:- | प्राथमिकताका आधारहरु | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| विषयगत क्षेत्रः- सडक/भवन/झो.पु./घोडेटो बाटो/संचार/पर्यटन/विद्युत र वैकल्पिक उर्जा/शिक्षा/खेलकूद/खानेपानी/सरसफाई/स्वस्थ्य/महिला विकास/बालबालिका/दलित/जनजाति/अपाङ्ग/कृषि/पशु सेवा/सिंचाई/उद्योग/मानव संसाधन विकास/ वन/ भू-संरक्षण नदी नियन्त्रण/ अन्य | | | | | | | | | | | |
| प्राथमिकी करण नं. | योजना/कार्यक्रमको नाम | योजना संचालन हुने गाउँ/ वार्ड/स्थान/बस्ती | योजना स्थलको भौतिक पूर्वाधारको अवस्था ( अविकसित:१० सामन्यः ५ विकसितः १) | रोजगारी श्रृजना ( हुनेः १० नहुने १) | जनसहभागिता (हुनेः १० कम हुने : ५ नहुनेः १) | पिछडिएको वर्गलाई फाइदा (हुनेः १० अन्यः ५ | सम्पन्न भए पछि रोजगारी (श्रृजना हुनेः १० नहुनेः ५) | जम्मा अंक (५०) | अनुमानित लागत | माग गर्ने निकाय | कैफियत |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |

**कार्यक्रम वा आयोजनाको प्राथमिकताक्रम निर्धारण :**

(१) गाउँ विकास समितिले ऐनको दफा ४३ को उपदफा (३) र (६), नगरपालिकाले ऐनको दफा १११ को उपदफा (४) र जिल्ला विकास समितिले ऐनको दफा २०१ मा उल्लिखित आधारहरू लगायत देहायका आधारमा कार्यक्रम वा आयोजनाहरूको प्राथमिकीकरण गर्नुपर्नेछ :-

(क) क्रमागत एवम् अधूरा रहेका कार्यक्रम वा आयोजनाहरू तथा थोरै रकममा मर्मत सम्भार गरी पुनः सञ्चालनमा ल्याउन सकिने कार्यक्रम वा आयोजनाहरू,

(ख) आवधिक गाउँ विकास योजना, आवधिक नगर विकास योजना र आवधिक जिल्ला विकास योजना तथा जिल्ला यातायात गुरूयोजना र अन्य क्षेत्रगत आवधिक योजनाले निर्दिष्ट गरेका विषयहरू,

(ग) सामाजिक परिचालनको माध्यमबाट पहिचान गरिएका लक्षित समूहका मागलाई सम्बोधन गरिने विषयहरू,

(घ) स्थानीय स्रोत, साधन, श्रम ,सीप र प्रविधि प्रयोग हुने प्रकृतिका तथा तत्काल रोजगार सृजना गर्ने एवम् आय आर्जनमा बढवा दिने विषयहरू,

(ङ) प्रतिस्पर्धात्मक तथा तुलनात्मक लाभका वस्तु तथा सेवाको उत्पादन तथा प्रवर्द्धन हुने कृषि, गैर कृषि र सेवा क्षेत्रका कार्यक्रम वा आयोजनाहरू,

(च) स्थानीय निकायको आन्तरिक आय वृद्धि गर्ने कार्यक्रमहरू,

(छ) समान प्रकृतिका आयोजनाहरूमध्ये बढी जनसहभागिता एवम् लागत सहभागिता जुटाउन सकिने आयोजनाहरू,

(ज) व्यक्तिगत घटना दर्ताबाट प्राप्त जनसांख्यिकिय स्थितिलाई आधार मानी शिक्षा, स्वास्थ्य, पोषणसँग सम्बन्धित आयोजनाहरु संचालन गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिमको आधारमा कार्यक्रम वा आयोजनाहरू छनौट गर्दा गरिबी नक्शाङ्कन वा विपन्नता नक्शाङ्कन आदि समेतको आधारमा तुलनात्मक रूपमा अति गरिब, विपन्न तथा वञ्चितीकरणमा परेका वर्गहरूको पकेट क्षेत्रलाई लक्षित गरी कार्यक्रम सञ्चालन गर्नुपर्नेछ ।

(३) जिल्ला यातायात गुरूयोजनामा नगरपालिका क्षेत्रभित्रका सडकहरू समावेश नभएको भए नगरपालिका क्षेत्रभित्रका सडकहरूलाई समेत समेटी अद्यावधिक गनु